सुप्रबल जनसेवा

# प्रहरी महानिरीक्षक दिपक थापा

नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल, काठमाडौं

## शुभकामना

नव वर्ष २०८२ सालको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सकल दर्जाका प्रहरी अधिकृत तथा जवानहरू, सेवानिवृत्त अग्रज लगायत अन्य प्रहरी कर्मचारीहरू, प्रहरी परिवार तथा अमर प्रहरीका परिवारजनहरूमा व्यक्तिगत, पारिवारिक एवम् व्यवसायिक उन्नयन, सुख तथा समुन्नतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

यस घडीमा राष्ट्र र नागरिक सेवामा प्राण उत्सर्ग गर्नु हुने वीर अमर प्रहरीहरू प्रति स्मरण गंर्दै हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु। वियोगमा रहनु भएका परिवारजनहरुमा उच्च सम्मान व्यक्त गर्दछु। कर्तव्य पालनाका सिलसिलामा घाइते, अंगभंग भई विदीर्ण जीवन व्यथित गरिरहनु भएका सकल प्रहरी कर्मचारीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

नव वर्ष, राष्ट्र र नागरिक सेवामा विगतका सत्प्रयास र सकारात्मक ऊर्जालाई जीवन्त राख्दै आगामी दिनमा निःस्वार्थ भाव राखेर हामी समर्पित हुने अवसर पनि हो। संगठनमा सुधार र सुदृढीकरण अपरिहार्य छ , त्यसका लागि सबै सदस्यहरू दृढ संकल्पित रहनु जरुरी छ। यस सुखद अवसरमा नेपाल प्रहरीका तमाम सदस्यहरू व्यावसायिक निष्ठा, कर्तव्यपरायणता, सेवाभावले राष्ट्र सेवामा समर्पित रही संगठनको गौरव र गरिमा उँचो राख्न उच्च मनोबलका साथ कर्तव्य र जिम्मेवारीहरू निष्काम वहन गर्नु हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु।

अहिले मुलुकको राष्ट्रिय एकता, अखण्डता, सामाजिक सद्भाव र विभिन्न, जात जाती, सम्प्रदायहरू बीचको सुमधुर सम्बन्धमा खलल पार्ने अतिवादी गतिविधि देखा परेका छन्, यसका विरुद्ध निर्मम रूपमा प्रस्तुत हुनु जरुरी छ। हाम्रो सकृयता र कर्तव्य पालनाले देशमा कानूनी शासनको प्रवर्धन भई सुशासन र समृद्धिका आधार तय हुनेछ। यसैले हाम्रा यी युगीन जिम्मेवारीलाई उच्च निष्ठा र मनोबलका साथ पुरा गर्न पर्ने अवस्था रहेको छ।

नेपाल प्रहरी नागरिकका मौलिक अधिकारको निर्बाध प्रचलन र मानव अधिकारको प्रवर्धन, सम्बर्धन गर्ने महत्वपूर्ण संस्था हो। यो संगठन आम नागरिकको आस्था र भरोसाको केन्द्र पनि हो। यसैले अल्पसंख्यक, सिमान्तकृत, महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूको हक अधिकारको संरक्षण र पालना गराउने सम्बन्धमा अत्यन्त संवेदनशील रही सेवारत रहन निर्देशन दिन चाहन्छु।

अन्त्यमा, नेपाल प्रहरी संगठनलाई नागरिक सेवामा अग्र पंक्तिको निर्विकल्प संस्थाका रूपमा स्थापित गरी सांगठनिक सुधार तथा सुदृढीकरणका लागि सम्पूर्ण प्रहरी कर्मचारीहरू दृढ संकल्पित रहनुका साथै हरपल रचनात्मक, व्यावसायिक र कर्तव्यनिष्ठ भई रहन सकल दर्जाका प्रहरी कर्मचारीहरूलाई निर्देशन दिंदै पुन: सबैमा नव वर्ष २०८२ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**जय नेपाल !**

**मितिः २०८१ चैत ३१ गते।**

**प्रहरी महानिरीक्षक**

**(दिपक थापा)**

पोष्ट बक्स नं. ४०७, कार्यालय: +९७७-१-५७१९८०२, ५७१९८०३,
ईमेल: phqigs@nepalpolice.gov.np, वेबसाइट: https://www.nepalpolice.gov.np,
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँ।